# वीरगंजको कृषि औजार कारखाना सञ्चालनका लागि पुस्तक बेचेर ११ करोड ६२ लाख रुपैँया संकलन

कालिका टाईम्स
काठमाण्डौं, ७ माघ/

राष्ट्रिय आविष्कार केन्द्रका अध्यक्ष महाविर पुनले ११ करोड भन्दा बढी रकम जम्मा गरेका छन् ।

उनले आफ्नो आत्मकथा 'महाविर पुन, सम्झना, सपना र अविरल यात्रा' नामक पुस्तक बिक्री गरेर उक्त रकम संकलन गरेका हुन् । हालसम्म एक लाख ५५ थान उक्त पुस्तक बिक्री भइसकेको छ ।

जसबाट ११ करोड ६२ लाख ५० हजार रुपैँया उनले संकलन गरिसकेका हुन् । पुस्तक बिक्री गरेर जम्मा भएको रकमले वीरगन्जको कृषि औजार कारखाना सञ्चालन गर्ने उनको अठोट छ । सोही कारण देशका विभिन्न गाँउ शहर पुगेर उनी आफैँ किताब बेच्ने गरेका छन् ।

उनले प्रति पुस्तक मूल्य ७५० रुपौया निर्धारण गरिएको छ । सरकार र पुनको राष्ट्रिय आविष्कार केन्द्रबिच कारखाना चलाउने विषयमा सहमति भएको थियो । सोही आधारमा पुनले कारखाना सञ्चालन गर्दै आएका छन् । यद्यपी राज्यले कारखाना सञ्चालनका लागि आवश्यक पर्ने बजेट उपलब्ध नगराएपछि आफैँ किताब बेचेर कारखाना सञ्चालन गर्न प्रयासरत छन् ।

# सशस्त्र प्रहरी दिवसका अवसरमा रक्तदान

वीरगञ्ज (पर्सा), ७ माघ :

सशस्त्र प्रहरी बल नेपाल नम्बर १३ हेडक्वाटर पर्साले २४ औं सशस्त्र प्रहरी दिवसको अवसरमा पर्सामा रक्तदान कार्यक्रम गरेको छ ।

सीमा सुरक्षामा खटिँदै आएको सशस्त्र प्रहरीले जाडोयाममा पर्सामा रगतको अभावलाई परिपूर्ति गर्नका लागि आयोजना गरेको रक्तदान कार्यक्रममा ५७ पिन्ट रगत सङ्कलन भएको छ ।

सशस्त्र प्रहरी बल नेपाल नम्बर १३ हेडक्वाटर पर्साका गणपति राधेश्याम धिमालले पर्सा जिल्लामा रगतको अभावलाई केही हदसम्म भए पनि परिपूर्ति गर्नका लागि रक्तदान कार्यक्रम गरेको जानकारी दिनुभयो ।

"सशस्त्र प्रहरी बल सीमा सुरक्षाको साथसाथै नागरिकसँग हातेमालो गरेर अघि बढ्नका लागि रक्तदान कार्यक्रम गरेका हौं", उहाँले भन्नुभयो, "रक्तदान कार्यक्रममा उत्साहजनक सहभागिता रहेको छ ।"

सशस्त्र प्रहरी बल पर्साले नेपाल-भारत सीमा क्षेत्रमा स्वास्थ्य शिविरलगायत गतिविधि गर्दै आइरहेको छ ।

वीरगञ्ज महानगरका प्रमुख राजेशमान सिंहले सशस्त्र प्रहरीले सुरक्षा निकायले सुरक्षाको साथसाथै सामाजिक उत्तरदायित्वलाई पनि ध्यान दिँदै आइरहेकोमा खुसी व्यक्त गरे ।

"पर्साका सुरक्षा निकायले सुरक्षाको अलवा अन्य सामाजिक गतिविधिमा सक्रिय हुँदा जनताले सहज अनुभूति गर्दै आइरहेका छन् ।"

# फोटो क्याप्सन



**गहुँ खेती :** सर्लाहीको बसबरिया गाउँपालिका-५ धनगढास्थित किसानले गरेको गहुँ खेती । गहुँमा हाल्ने रासायनिक मल उपलब्ध नहुँदा यहाँका किसानलाई यस वर्ष समस्या भएको उनीहरुको गुनोसो छ। तस्बिर: विश्वनाथ ठाकुर/रासस

**मधेस ....**

संशोधनका नाममा चिठी बेच्ने संस्कृतिलाई निरन्तरता दिइएको छ। विकासको नाममा अनियमितता मौलाउँछ ।"

लोसपाका सांसद उपेन्द्र महतोले उपभोक्ता समिति कार्यकर्ताबाटै निर्माण हुने भएकाले यसलाई नकारात्मक रूपमा लिन नहुने तर्क गरे । उनका अनुसार, "खुला प्रतिस्पर्धाले योजना सञ्चालनमा ढिलाइ गर्दै गर्दा उपभोक्ता समितिबाट हुने काम अझ छरितो र गुणस्तरीय हुनेछ ।"

जसपाका प्रमुख सचेतक रामआशिष यादवले भने बजेटमा उपभोक्ता समिति समावेश गरेर 'योजनाको चिठी बिक्री'लाई वैधानिकता दिइएको बताएका छन् । उनका अनुसार, "सांसदको भूमिकालाई नीति निर्माणमा सीमित राख्नु पर्नेमा बजेटको प्रयोग गराउने उद्देश्यले यो व्यवस्था ल्याइएको छ ।"

प्रदेश सरकारको ४३ अर्ब ८९ करोडको बजेट कार्यान्वयनमा टेन्डर प्रक्रियाको कठोरता र सत्ता साझेदारहरूको असहमतिको कारण हालसम्म पुँजीगत खर्च नगण्य रहेको तथ्यले सरकारको आलोचना चुलिएको छ । अब सङ्कल्प प्रस्ताव पारितसँगै उपभोक्ता समितिलाई ससाना योजनाको जिम्मा दिएर खर्चको गति तीव्र हुने सरकार पक्षको दाबी छ ।

सङ्कल्प प्रस्ताव पाससँगै बजेट कार्यान्वयनमा प्राविधिक सहजता र राजनीतिक पक्षपातका सम्भावनाबिचको द्वन्द्व झन् चर्किएको छ । संशोधनले बजेट कार्यान्वयनमा सुधार ल्याउने वा थप अनियमितताको ढोका खोल्ने भन्ने सवाल भने समयसँगै स्पष्ट हुनेछ ।

**सिङ्गो ....**

समस्या रहेको बताउनुभयो ।

यता देश नै खुला दिसामुक्त घोषणा भइसकेको अवस्थामा धार्मिक एवं सांस्कृतिक नगरी मटिहानीको मझौरा गाउँको मुसहर बस्ती शौचालयविहीन हुनु र त्यहाँका नागरिक अझै पनि खुला आकासमुनि नै शौच गरिरहेको कुरा आफैँमा लज्जास्पद एवं दुःखद् भएको सरसफाइविज्ञ उमाशङ्कर यादवले बताउनुभयो ।

मटिहानी नगरपालिका देशकै सबैभन्दा पुरानो गुठी लक्ष्मीनारायण मठ भएको र ३५० वर्षभन्दा पनि पुरानो, बालागुरू षडानन्द पढ्नुभएको याज्ञवल्क्य लक्ष्मी नारायण विद्यापीठ अझै सञ्चालनमा रहेको स्थान हो ।


## छिपहरमाई गाउँपालिका
### छिपहरमाई गाँउ कार्यपालिकाको कार्यालय
**भिस्वा, पर्सा**
मधेश प्रदेश, नेपाल

## करारमा सेवा लिने सम्बन्धि सूचना

(दोस्रो पटक सूचना प्रकाशित मिति : २०८१/१०/०८)

छिपहरमाई गाउँपालिका गाउँ गाउँकार्यपालिकाको कार्यालय अन्तर्गत तपसिल बमोजिमका शसर्त अनुदान (शिक्षण सहयोग अनुदान) करार सेवामा लिनु पर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले दस्तुर तिरेको रसिद तथा तोकिएको कागजात सहित दरखास्त दिनु हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ । दरखास्त फाराम र अन्य जानकारी कार्यपालिकाको कार्यालय भिस्वाबाट उपलब्ध हुनेछ ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | विषय | संख्या | आवेदन दस्तुर रु |
|---|---|---|---|---|---|---|
| १. | ३/०८१/८२ | शसर्त अनुदान शिक्षक | मा.वि (९-१०) | गणित | २ (दुई) | १०००।०० |
| २. | ४/०८१/८२ | शसर्त अनुदान शिक्षक | मा.वि (९-१०) | विज्ञान | २ (दुई) | १०००।०० |
| ३. | ५/०८१/८२ | शसर्त अनुदान शिक्षक | मा.वि (९-१०) | अग्रेजी | २ (दुई) | १०००।०० |
| ४. | ५/०८१/८२ | शसर्त अनुदान शिक्षक | आधारभुत (६-७) | गणित | १ (एक) | ७०००।०० |

१. उम्मेदवारले पेश गर्नु पर्ने आवश्यक कागजातहरु
(क) नेपाली नागरिकताको प्रमाणपत्र ।
(ख) न्यूनतम शैक्षिक योग्यता :
(१) मा.वि तहको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा बि.एड. उत्तिर्ण गरेको (विज्ञान, गणित विषयको हकमा बि.एस. सि. उत्तिर्ण गरेको व्यक्ति समेत उम्मेदवार हुन सक्ने ) ।
(२) आधारभूत तहको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा आई.एड. उत्तिर्ण गरेको (विज्ञान र गणित विषयको हकमा आई. एस. सि. उत्तिर्ण गरेको व्यक्ति समेत उम्मेदवार हुन सक्ने ) ।
(३) अध्यापन अनुमतिपत्र अनिवार्य हुनु पर्ने ।
(ग) उमेर हद १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
(घ) सेवा सुविधा : नेपाल सरकार स्केल बमोजिम ।
२. दरखास्तमा संलग्न गर्नु पर्ने : सम्बन्धित वि.नं. मा उल्लेख भएको व्यहोरा प्रमाणित हुने कागजातहरु र परिक्षा दस्तुर दाखिला यस कार्यालयको एन.आई.सी एसिया बैंक. भिस्वा शाखा, पर्सामा रहेको आन्तरिक राजश्व खाता नं. **L६CA०००१८७४५२४०६** मा जम्मा गरेको वा गाउँपालिका राजश्व शाखामा दाखिला गरेको भौचर संलग्न हुनु पर्नेछ ।
३. छनौट प्रक्रिया : लिखित परिक्षा (सामान्य, बिषयगत, कक्षा अवलोकन र अन्तरवार्ता ।
४. दरखास्त पेश गर्ने स्थान : छिपहरमाई गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय, भिस्वा, पर्सा ।
५. दरखास्त पेश गर्ने अन्तिम मिति : यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन कार्यालय समय भित्र । सो दिन सार्वजनिक विदा परेमा भोलि पल्ट कार्यालय समय भित्र ।
६. सम्पर्क मिति : आवेदन दिने अन्तिम दिनको भोलि पल्ट अपरान्ह २:०० बजे देखि ४ बजे सम्म ।
७. शिक्षक सेवा आयोग, २०७८ को पाठयक्रम अनुसार परिक्षा संचालन हुनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**



## जाडो मौसममा सवारी दुर्घटनाको जोखिमबाट बचौं

**हुस्सु, कुहिरो र शीतलहरका बेला सवारी दुर्घटनाको उच्च जोखिम हुन सक्छ,**
- सावधानीपूर्वक सवारी साधन चलाऔं,
- सवारी चलाउनु पूर्व सवारीको यान्त्रिक परिक्षण गरौं,
- हुस्सु, कुहिरो र शीतलहरको बेला बत्ति (फग लाइट) बालेर मात्र सवारी साधन चलाओं,
- बाक्लो कुहिरोको समयमा अवश्यकता अनुसार हर्नको प्रयोग गरौं,
- तिव्र गतिमा सवारी साधन नचलाऔं,
- सवारी साधन रोक्नुपर्दा संकेत दिई सडक किनारामा मात्र रोक्ने गरौं,
- मादक पदार्थ सेवन गरी सवारी साधन नचलाऔ.
- जथाभावी बाटो नकाटौं, बाटो काट्दा शतर्क रहौ.

सवारी दुर्घटनाबाट आफू पनि बचौं, अरूलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड